प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६

**प्रस्तावनाः** विभिन्न रोग कीरा लगायतका शत्रुहरुले बाली बिरुवाहरु उत्पादनको क्रममा र उत्पादनोपरान्त उल्लेख्य मात्रामा नोक्सानी पुर्याउँदै आईरहेका छन । शत्रुबाट हुने क्षती व्यवस्थापन गर्न, मानव स्वास्थ्य, पशु स्वास्थ्य र अन्न भण्डारणमा लाग्ने कीराहरु नियन्त्रण गर्न पनि विभिन्न रसायनिक विषादीहरुको प्रयोग हुदै आईरहेको छ ।रसायनिक विषादीको प्रयोगले मानव स्वास्थ्य, जीवजन्तु र वातावरणमा पनि अल्पकालिन र दीर्घकालिन रुपमा नकारात्मक असर पारिरहेको अवस्थामा प्रदेश सरकारले बाली उत्पादनमा रसायनिक विषादीको विकल्पको रुपमा जैविक विषादी प्रवर्द्धन गर्ने नीति लिएको छ। अतः बाली उत्पादनमा प्रभावकारी र वातावरण मैत्री प्रविधिहरुको विकास गर्दै दीगो कृषि विकासलाई टेवा पुर्याउन जैविक र वानस्पतिक विषादी प्रवर्द्धनको व्यवस्था गर्न अति आवश्यक देखिएको छ ।तसर्थ निजि क्षेत्र मार्फत जैविक विषादी कारखाना सञ्चालन तथा विस्तार गर्न पचास प्रतिशत अनुदान उपलब्ध गराउने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "अनुदानग्राही" भन्नाले जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रममा अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई सम्झनु पर्छ ।

(ख) "आवेदक" भन्नाले जैविक विषादी उत्पादन कारखाना निर्माणका लागि अनुदान सहयोग लिन चाहने इच्छुक कृषि फार्म/कम्पनी/ कृषक समूह/ कृषि सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले जैविक विषादी उत्पादन कारखाना सञ्चालनको लागि मेशिनरी औजार उपकरण र भवन निर्माणमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(घ) "कारखाना" भन्नाले जैविक विषादी उत्पादन कारखाना लाई सम्झनु पर्छ ।

(ङ) "जैविक विषादी" भन्नाले शत्रुजीव आकर्षण तथा विकर्षण गर्न, मार्न, कृषि, पशु स्वास्थ्य, जनस्वास्थ्य, रेशम, मौरी च्याउ, काष्ठ पैदावार घरायसी प्रयोजनका लागि प्रयोग गरिने वानस्पतिक तथा जैविक श्रोतबाट उत्पादित ठोस, तरल वा ग्यास पदार्थलाई सम्झनु पर्छ ।

(च) "निजी क्षेत्र" भन्नाले व्यवसायिक रुपमा जैविक विषादी उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको कृषि फर्म, कृषि कम्पनी, कृषि सहकारी र कृषक समुहलाई सम्झनु पर्छ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(छ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ज) **"प्रदेश"** भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(झ) **"प्रस्ताव"** भन्नाले आवेदकले जैविक विषादी उत्पादन कारखाना निर्माणका लागि आवश्यक पर्ने भवन निर्माण र मेशिनरी औजार उपकरणका लागि अनुदान पाउनको लागि पेश गरेको निवेदन सम्झनु पर्छ ।

(ञ) **"भौतिक पुर्वाधार"** भन्नाले जैविक विषादी उत्पादन कारखाना सञ्चालनको लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु भवन, बिजुली, पानी, सडक, कारखाना उपकरण, रसायन, मेशिनरी औजारहरु आदि सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले प्रदेश नं ३ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ठ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ड) **"संस्था"** भन्नाले व्यवसायिक रुपमा जैविक विषादी उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको कृषि फर्म/कम्पनी/ कृषक समूह/ कृषि सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ढ) **"ज्ञान केन्द्र"** भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधि अनुसार संचालित कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) जैविक विषादीको उपलब्धता वृद्धि गर्ने,

(ख) जैविक विषादीको उत्पादन तथा प्रयोगमा नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने,

(ग) रसायनिक विषादीको विकल्पमा वातावरणमैत्री जैविक विषादीको प्रवर्द्धन गर्ने,

(घ) उपभोक्ताहरुलाई गुणस्तरीय कृषि उत्पादन आपूर्तिमा टेवा पुर्याउने ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. कार्यक्रम सञ्चालनः (१) यो कार्यक्रम आर्थिक वर्ष २०७६/०७७ मा काभ्रेपलाञ्चोक जिल्लामा -१ र चितवन जिल्लामा -१ सञ्चालन गरिनेछ भने आगामी वर्षहरुमा कार्यक्रमको प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

(२) जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम सञ्चालन क्षेत्र तथा अनुदानग्राही छनौटका आधारहरु देहाय बमोजिम हुनेछः

(क) जैविक विषादी कारखाना सञ्चालन गर्न आवश्यक पर्ने आधारभूत कुराहरुको सम्भाव्यता भएको हुनु पर्ने,

(ख) प्रस्तावित कारखाना स्थापनाका लागि अनुसूची -१ मा उल्लेखित भए बमोजिमको मापदण्ड पुर्याई निवेदन पेश गर्नु पर्ने ।

(३) कारखाना स्थापनाका लागि निजीक्षेत्रबाट प्रस्ताव आव्हान गर्न निर्देशनालयले तीस दिनको म्याद दिई राष्ट्रिय/प्रादेशिक/स्थानीय स्तरको पत्रिकामा अनुसूची -२ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(४) मापदण्ड पुरा गर्ने आवेदकले अनुसूची -२ मा उल्लेख भएका कागजातहरु संलग्न राखी आवेदन प्रस्ताव सूचनाको अन्तिम म्याद भित्र पेश गर्नुपर्नेछ ।

(५) मापदण्ड पुरा गर्ने संस्थाले पेश गरेको मूल्याङ्कन समितिले स्वीकृत मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्नेछ। प्रस्ताव छनौट हुन प्राविधिक, ईन्जिनियरिङ्ग डिजाईन ईस्टिमेट तथा व्यवसायिक योजना प्रस्तावको मूल्याङ्कनमा न्यूनतम उतिर्ण अंङ्क सहित कम्तिमा ५०% अंङ्क प्राप्त गर्नु पर्नेछ र मूल्याङ्कनमा सबै भन्दा बढी अंङ्क प्राप्त गर्ने प्रस्ताव, प्रस्तावित जग्गाको स्थलगत निरीक्षण पश्चात छनौटका लागि सिफारिस गरिनेछ।

(६) प्रस्ताव सिलबन्दी गरी सूचनाको तीस औं दिनको १२.०० बजे भित्र पेश गर्नुपर्नेछ । सो प्रस्ताव नियम अनुसार आवेदकको उपस्थितिमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ । यदि सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ । सो समयमा आवेदक उपस्थित नभएमा पनि सिलबन्दी आवेदन खोल्न बाधा पर्ने छैन ।

५. <u>प्रस्ताव माग गर्ने</u> : (१) यस कार्यविधिको अनुसूची -१ अनुसारको मापदण्ड पुगेका निजी क्षेत्रले अनुसूची -३ को ढाँचाको फारम, अनुसूची -४ बमोजिमको निवेदन र अनुसूची -२ अनुसारका कागजातहरु सहित ज्ञान केन्द्रमा तोकिएको म्याद भित्र प्रस्ताव दर्ता गर्नु पर्नेछ।

(२) सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको मूल्याङ्कन मूल्याङ्कन समितिले गर्नेछ।

(३) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको Appraisal ज्ञान केन्द्र र सम्वद्ध परामर्शदाताहरुले गर्नेछन्। यसको सर्वेक्षण तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षण निर्देशनालय र ज्ञान केन्द्रबाट हुनेछ ।

६. <u>मूल्याङ्कन समितिः</u> (१) प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी छनौटका गर्नको लागि कृषि ज्ञान केन्द्रमा देहाय वमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| (क) ज्ञान केन्द्र प्रमुख वा निजले तोकेको अधिकृत | अध्यक्ष |
| (ख) प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ग) योजना अधिकृत, योजना शाखा | सदस्य |
| (घ) अधिकृत, कृषि प्रसार/ बाली संरक्षण शाखा | सदस्य |
| (ङ) खरिद इकाई प्रमुख, ज्ञान केन्द्र | सदस्य-सचिव |

(२) समितिले आवश्यकताका आधारमा बढीमा तीन जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिले सूचना बमोजिम प्राप्त आवेदन प्रस्तावहरुको अनुसूची -५ बमोजिमको प्राविधिक मूल्याङ्कनमा उत्कृष्ट ठहर भएको प्रस्तावकको स्थलगत अनुगमन निरीक्षण गरी मापदण्ड पुरा भएको पाइएमा सम्झौताका लागि सिफारिस गर्ने छ र



मा. दावा दोर्जे लामा
मन्त्री

फिल्ड निरीक्षणबाट उत्कृष्ट प्रस्ताव अस्विकार भएमा सफल भएको दोश्रो/वैकल्पीक आवेदकलाई क्रमशः प्राथमिकता दिइने छ ।

(४) छनौट भएका संस्थाहरुले कार्य प्रारम्भ गर्नुपूर्व नियमानुसार नक्सा पास गराउनु पर्ने र जैविक विषादी उत्पादन तथा विक्रि वितरण गर्नको लागि कानून बमोजिमको स्वीकृत लिने लगायतका प्रक्रियाहरु पुरा गर्नुपर्नेछ ।

परिच्छेद- ३

आर्थिक पक्ष

७. **अनुदान रकम स्वीकृती र सम्झौताः** (१) स्वीकृत बजेटको अधिकतम १ प्रतिशत रकम कन्टिन्जेन्सी कटाई बाँकी रकम कार्यक्रममा उल्लेख भए बमोजिम कारखाना स्थापनाका लागि आवश्यक पर्ने भवन निर्माण र मेशिनरी औजार उपकरणमा ज्ञान केन्द्रले ५०% सम्म वा बढीमा रु. १,००,००,०००।- सम्म (नियमानुसार लाग्ने कर सहित) अनुदान रकम भुक्तानी दिइने छ। कन्टिन्जेन्सी (Contingency) बापत कट्टा गरिएको रकम कार्यक्रम अनुगमन तथा सूचना प्रकाशन, बैठक भत्ता आदि आवश्यक कार्यहरुको लागि खर्च गरिने छ ।अनुदानग्राहीले अनुदान बाहेकको कारखाना स्थापनाको लागि आवश्यक पर्ने जग्गा सहितका भौतिक पूर्वाधार निर्माण लगायतका सम्पूर्ण खर्चहरु आफै व्यहोर्नु पर्नेछ।

(२) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्राप्त सिफारिसका आधारमा ज्ञान केन्द्रले संस्थासँग अनुसूची -६ को ढाँचामा प्रतिवद्धता लिई अनुसूची -७ बमोजिम सम्झौता गरी कार्यादेश दिइनेछ ।

(३) कारखाना स्थापनाका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य, भवन निर्माण र मेशिनरी औजार उपकरणको जडान लगायतका कार्यहरु आ.व. को अन्त सम्ममा सम्पन्न गरिसक्नु पर्नेछ ।अन्य शर्तहरु सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

(४) कार्य प्रगती र सुपरिवेक्षणको आधारमा तोकिएको प्राविधिकले पेश गरेको रनिङ्ग/अन्तिम बील बमोजिमको कार्यान्वयन गर्ने कार्यालयले व्यहोर्ने रकमलाई पटक पटक गरी बढीमा ३ किस्ता (साधारणतयाः पहिलो, दोस्रो र तेस्रो) मा भूक्तानी गरिने छ । मेशिनरी औजारहरु तथा निर्माण सम्बन्धी सामाग्रीहरु विदेशबाट आयात गर्नुपर्ने भएमा सोको Letter of Credit खोलेको बैंकको प्रमाणित कागजात तथा बैंक जमानतको आधारमा अनुदान रकमको बढीमा ५०% सम्म भुक्तानी दिन सकिनेछ ।

(५) अनुदानको अन्तिम किस्ता भुक्तानीका लागि पेश गर्दा कारखाना सञ्चालन सम्बन्धी आचार संहिता पेश गरी स्वीकृत भए पश्चात मात्र भुक्तानी गरिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(६) कारखाना निर्माणसँग सम्बन्धित मेशिनरी औजार उपकरण, रसायन लगाएत अन्य निर्माण सामाग्रीहरु जस्तैः सिमेन्ट, छड, गिट्टी, बालुवा, काठ, पफ प्यानल, प्रि फयाव स्टिल स्ट्रकचर आदिमा लाग्ने सेवा शुल्क सम्बन्धित आवेदकले व्यहोर्नु पर्नेछ।

(७)अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद- ४
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

८. **अनुगमनः** सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रबाट हुनेछ ।अनुगमन निरीक्षणको क्रममा प्राप्त सुझाव तथा निर्देशनहरु अनुदानग्राहीले पालना गर्नु निजको कर्तव्य हुनेछ।

## परिच्छेद- ५
## विविध

९. **निर्माण अवधीः** कारखानाको निर्माण अवधी आ.व. को अन्त सम्म हुनेछ । सम्झौतामा तोकिएको अवधि भित्र निर्माण सम्पन्न नगरेमा सो समयावधी भित्र मेशिनरी औजार उपकरण खरिदमा जे जति अनुदान रकम भुक्तानी भएको छ, सोको मात्र मूल्याङ्कन गरी हिसाब मिलान गरिनेछ ।

१०. **प्रारम्भिक कार्यः** प्रारम्भिक कार्य स्वरुप पर्खाल, बार बन्देज, गेट, जमिन सम्याउने, फ्लोर तयार गर्ने, लगाएतका निर्माण कार्यहरु आवेदन गर्न वा छनौट हुनु पूर्व गर्न पाईने छ, तर यस्ता सम्पन्न भैसकेका प्रारम्भिक निर्माण कार्यहरु कारखानाको लागत इस्टिमेटमा गणना गर्न सकिने छैन ।

११. **दोहोरो सुविधा नपाउनः** प्रस्तावित कार्यको लागि प्रदेश सरकारबाट यस अघि कुनै अनुदान वा बैंकबाट सोही कार्यका लागि ब्याज अनुदान प्राप्त गरेका व्यक्ति वा संस्थाले यस कार्यक्रममा सहभागी हुन पाउने छैन।

१२. **धितो राखी ऋण लिन नपाउनेः** प्रदेश सरकारबाट अनुदान प्राप्त गरी निर्माण भएको कारखाना निर्माण सम्पन्न पश्चात ५ वर्ष सम्मका लागि कुनै बैंक वा वित्तीय संस्थामा धितो वन्धक राखी ऋण लिन र बिक्री वितरण गर्न पाइने छैन । तर कम्पनीको नाममा रहेको जग्गा भने बैंकमा धितो राखी यसै कार्यका लागि मात्र ऋण लिन वाधा पर्ने छैन ।

१३. **प्रचलित कानून बमोजीम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुराहरू यसै कार्यविधि बमोजिम हुने छ। यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि परिमार्जन गर्न सक्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -१

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

**जैविक विषादी कारखाना स्थापनार्थ आवश्यक पर्ने संस्थाको मापदण्ड**

१) प्रचलित कानून बमोजिम सूचना प्रकाशन भएको मिति अगावै दर्ता भई स्थाई लेखा नम्बर लिएका, संस्थाहरु यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

२) संस्थाको विधान/प्रवन्धपत्र/नियमावली/दर्ता प्रमाणपत्रमा संस्थाको उद्देश्य जैविक विषादी कारखाना स्थापना तथा सञ्चालन सम्बन्धी हुनुपर्नेछ ।

३) जैविक विषादी कारखाना स्थापना गर्न न्युनतम ५ रोपनी उपयुक्त जग्गा संस्थाको आफ्नो नाममा वा संचालक सदस्यको नाममा हुनुपर्नेछ र छनौट भएको आवेदकको हकमा सम्झौता गर्नुपूर्व संस्थाको नाममा जग्गा कायम गर्नु पर्नेछ ।करारनामाको जग्गा मान्य हुने छैन ।

४) कम्तिमा ९ मिटर फराकिलो सडक, विद्युत र थ्री-फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पँहुच भएको हुनु पर्नेछ ।

५) आवेदकले संस्थाको तर्फबाट भवन निर्माण र मेशिनरी औजार उपकरण खरिद र जडानको लागि कार्यक्रम गर्ने कार्यालयले व्यहोर्ने ५०% अनुदान बाहेकको रकमको लागि बैंकको आशय पत्र Letter of Intent स्पष्ट अंङ्कमा र अक्षरमा उल्लेख गरेको तथा सूचना प्रकाशन भए पछि ज्ञान केन्द्रलाई सम्बोधन गरी जारी भएको पेश गर्नु पर्नेछ ।

६) प्रस्ताव मूल्याङ्कनमा जैविक विषादी उत्पादन क्षेत्रमा अनुभव भएको संस्थालाई प्राथमिकता दिईनेछ ।

७) यस अघि प्रदेश सरकारबाट कृषि सम्बन्धी कुनै अनुदान प्राप्त गरेको संस्था भए उक्त अनुदानबाट संचालित योजना सफलतापूर्वक सञ्चालन भईराखेको हुनुपर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**जविक विषादी कारखाना स्थापनाको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७ /..../.....

कृषि विकास निर्देशनालय, हेटौडा, को आ व.......... गरिने जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम सञ्चालनका लागि सहजिकरण सेवा सुविधा ज्ञान केन्द्र को तर्फबाट उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा........................................ जिल्लाका विषादी कारखाना सञ्चालन गर्न ईच्छुक कृषि सहकारी, कृषि उद्यमी, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित तपशिल अनुसारको कागजातहरु र निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुनेछ।

तपशिलः

१. संस्था/कम्पनी दर्ताको गत आ.व. सम्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।

२. विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो कम्पनीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।

४. जमिनको स्वामित्व संस्था/कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा ।

५. आगामी १० वर्षको लागि व्यवसायिक योजना(Business Plan) ।

६. पूर्वाधार विकासका (भवन, सेड हाउस, मेशिनरी औजार) को ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा तथा लागत अनुमान ।

७. जग्गाको लालपूर्जाको प्रतिलिपि ।

८. आवेदक संस्थाले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent)।

९. सम्भाव्यता अध्ययन, उद्देश्य तथा आवश्यकता, भौतिक पुर्वाधार, क्षमता, सञ्चालन पुंजि, व्यवसायिक योजना सहितको पूर्ण आयोजना प्रतिवेदन (Detailed Project Report) २ प्रति ।

१०. प्रस्तावित कारखानाका लागि आवश्यक पर्ने मेशिनरी औजार निर्माण सम्बन्धी कार्यमा संलग्न अनुभव प्राप्त स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभव र कोटेशन ।

११. कारखाना स्थापना पूर्वाधार विकास निर्माण गर्ने कार्यतालिका ।

१२. प्रस्ताव छनौट भए पछि कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको मापदण्ड अनुसार नक्सा पास भएको प्रमाण।

**पुनश्चः** जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव माग फाराम**

१. संस्था/कम्पनीको नाम र ठेगाना:

२. संस्था/कम्पनी दर्ता भएको मिति: दर्ता भएको कार्यालय:

३. सम्पर्क व्यक्तिको नाम: ईमेल: सम्पर्क नं.:

४. लाभान्वित कृषक संख्या: प्रत्यक्ष: अप्रत्यक्ष:

५. प्रक्षेपित कारोवार सुरु हुने मिति:

६. प्रक्षेपित कारोबार विवरण:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. कारोवारक्षेत्र/जिल्लाहरु:

८. कम्पनीको चल अचल पूंजीको विवरण:

९. उपलब्ध हुने जग्गाको विवरण:

(क)पाखो(Up Land)/खेत(Low Land):

(ख)क्षेत्रफल:

मा. दावा दोर्जे लामा
मन्त्री

(ग) सडकको पहुँच:        मार्गको अवस्था:

फराकिलो:मुख्य सडकसम्मको दुरी:

यहाँ

प्रस्तावित कारखाना निर्माण हुने ठाउँ
नक्सामा देखाउनु होस् ।

(घ) विद्युतको क्षमता न्यूनतम ३ फेज आवश्यक पर्ने भएकोले सो संगको दुरी: ..कि. मि.
छैन भने आवश्यक संभावना विवरण:
अन्य आवश्यक विवरणहरु उल्लेख गर्नु पर्नेभए:

१०. कम्पनीको आवश्यकता (भौतिक पूर्वाधार तथा मेशिनरी औजार) को विवरण

कारखानाको क्षमता:

अन्य भौतिक पूर्वाधार र तिनको क्षमता:        मेशिनरी उपकरणहरु:

कार्यालय:        सेड हाउस सख्या:

११. अनुसूची -३ मा उल्लेख भएको विवरणहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। आंशिक र अपूर्ण रुपमा पेश भएका एवं समय सीमा भित्र दर्ता नभएका प्रस्तावहरुको मुल्याङ्कन हुने छैन।

अन्य विवरण (केही विवरण स्पष्ट पार्नु पर्ने भएमा):

उपर्युक्त विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुटो ठहरिएमा निवेदन स्वत: खारेज भई सो अनुसार
कारवाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक:</u>

दस्तखत:

नाम:

पद:

मिति:

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**जैविक विषादी कारखाना स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदन**

| |
|---|
| रु. १० को टकट |

मिति : ...........................

श्रीमान् प्रमुख ज्यू

कृषि ज्ञान केन्द्र

..................

विषय : जैविक विषादी कारखाना स्थापनाको लागि अनुदान सहयोग सम्बन्धमा

प्रस्तुत् विषयमा कृषि विकास निर्देशनालयबाट मिति २०७६/../....मा सुचना भए अनुसार जैविक विषादी कारखाना स्थापना सहयोग कार्यक्रम सञ्चालनका लागि यसैसाथ संलग्न प्रस्तावमा उल्लेख भए अनुसार कारखाना स्थापनाका लागि जम्मा रु.........अक्षेरुपी रु..................को योजना तयार गरी अन्य आवश्यक कागजात सहित नियमानुसार अनुदान सहयोगको लागि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं । साथै तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजातहरु

१. निवेदनको साथ रु १०।- को टिकट र नागरिकताको प्रतिलिपी ।
२. सँस्था/कम्पनी दर्ताको गत आ.व. सम्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।
४. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो कम्पनीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
५. जमिनको स्वामित्व सँस्था/कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा ।
६. .......................................................................................

निवेदकको हस्ताक्षर:
नाम:
संस्थाको नाम:
ठेगाना:
मोबाईल नं:
छाप:

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -५

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

| सि.नं. | आधार | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | **जग्गा/बिजुली/सडक** | ३० | |
| १.१ | जग्गा | २० | |
| १.१.१ | संस्था/कम्पनीको नाममा जग्गा भएको | २० | |
| १.१.२ | प्रोप्राइटरको नाममा जग्गा भएको | १५ | |
| १.२ | बिजुली र सडक | | |
| १.२.१ | सडक सुविधा भएको | ५ | |
| १.२.२ | बिजुली सुविधा भएको | ५ | |
| २. | **डिजाइन/इस्टिमेट** | १५ | |
| २.१ | उत्तम | १२.०-१५.० | |
| २.२ | राम्रो | १०.०-११.९ | |
| २.३ | सामान्य | ८-९.९९ | |
| ३. | **व्यवसायिक योजना/दिगोपना/प्रस्तावको आधार** | २५ | |
| ३.१ | उत्तम | २३.०-२५.० | |
| ३.२ | राम्रो | २०.०-२२.९ | |
| ३.३ | सामान्य | १७.५-१९.९ | |
| ४. | **लगानीको आधार (%)/Letter of intent सहित** | १० | |
| ४.१ | ५०% भन्दा वढी | १० | |
| ४.२ | ३५%-४९.९०% | ९ | |
| ४.३ | ३०-३४.९% | ६ | |
| ५. | **जैविक विषादी कारखाना स्थापना सम्बन्धी कार्यमा संलग्न फर्म/कम्पनीका अनुभव** | २० | |
| ५.१ | ५ वर्ष भन्दा बढी अनुभवी कम्पनी | २० | |
| ५.२ | ३ देखि ४ वर्ष अनुभवी कम्पनी | १५ | |
| ५.३ | ३ वर्ष भन्दा कम अनुभवी कम्पनी | १० | |
| | जम्मा:(१+२+३+४+५) | १०० | |

**नोट:**

क) प्रतिस्पर्धी कम्पनीहरुको मूल्याङ्कन अंङ्क बराबर भएमा प्रदेश सरकारबाट कम अनुदान रकम माग गर्ने प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

ख) माथि तोकीएका बुँदामा उपलब्ध प्रमाणका आधारमा छनौट गरिने छ । स्थलगत प्रमाणीकरणको लागि सबैभन्दा बढी अंङ्क ल्याउने अर्थात प्रथम भएकोमा जानुपर्ने छ । सो अनुत्तिण भएमा क्रमश दोश्रो र दोश्रो पनि फेल भएमा तेश्रोमा जान सकीने छ ।

ग) स्थलगत प्रमाणिकरणका लागि टोलीले तोकिएको ढाँचाको चेकलिष्ट अनुसार स्थलगत प्रमाणिकरणको कार्य सम्पादन गर्ने छ ।ईन्जिनियर र अन्य प्राविधिकहरु सहितको बढीमा ३ सदस्यीय प्रमाणिकरण टोली यस प्रयोजनका लागि खटाईनेछ ।

११

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -६

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**प्रतिवद्धता पत्र**

..........................को मिति.........को सूचना अनुसार जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

अनुदानग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसुची -७

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्र**

श्री कृषि विकास निर्देशनालय, अन्तर्गको कृषि ज्ञान केन्द्र,........................ ( यस पछि प्रथम पक्ष भनिने) र .......................जिल्ला......................पालिका वडा नं....... को............स्थानमा स्थापना भएको श्री....................... का प्रोपाइटर वा अध्यक्ष ( यस पछि दोश्रो पक्ष भनिने ) बीच सहकार्यमा आ.व. २०७..../७..... को स्वीकृत जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम.............प्रदेश.................. पालिका वडा नं.......मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल:

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट अनुसार.............................. कार्य गरेको हुनु पर्ने छ । यसरी जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रमको कुल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपी ........................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. सम्झौता भएको मितिले १५ दिन भित्र जैविक विषादी उत्पादन कारखानाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।

४. दोश्रो पक्षले यहि २०७......... साल ..............महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु कार्य सम्पन्नताको आधारमा उक्त अनुदान रकम बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

६. अन्य थप बुदाँहरु जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ अनुसार हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |
| साक्षीहरु | साक्षीहरु |

मा. दावा दोर्जे लामा
मन्त्री